尼泊爾文版 Nepali Version

# VOL. 69 बन्द एवं सीमित ठाउँहरूमा कार्य सुरक्षा

工作安全健康 Safety at work




व्यावसायिक सुरक्षा र स्वास्थ्य परिषद्

श्रम विभाग

ऑनलाइन OSH (व्यावसायिक सुरक्षा र स्वास्थ्य) उजुरी प्लेटफार्म www.labour.gov.hk

OSH उजुरी हटलाइन 2542 2172

अनुदान (सब्सिडी) योजना

प्रमाणन योजना

"OSH (व्यावसायिक सुरक्षा र स्वास्थ्य) 2.0" मोबाइल एप

VOL. 69

# बन्द एवं सीमित ठाउँहरूमा कार्य सुरक्षा

工作安全健康 Safety at work

निसन्देह, श्वासप्रश्वासको स्वीकृत उपकरण, निरन्तर निगरानीका लागि पोर्टेबल (एक ठाउँबाट अर्को ठाउँमा सार्न सकिने) ग्यास परीक्षण उपकरण, रिससिटेटर (श्वासप्रश्वास बहाल गराउने) उपकरण, तिपाई (ट्राइपड), उद्धारको लागि सुरक्षा कवच (हार्नेस), व्यक्तिगत सचेतक उपकरण (जीवन-रक्षक घण्टी), आपतकालीन प्रकाशयन्त्र, प्राथमिक उपचार पोका (first aid kits), र बन्द एवं सीमित ठाउँभित्र काम गरिरहेका स्वीकृत श्रमिकहरूसँग निरन्तर सञ्चार स्थापित राख्नलाई अरू श्रमिकहरूलाई खटाउने जस्ता पर्याप्त सुरक्षा व्यवस्था र उद्धार उपकरणहरू पनि उपलब्ध हुनुपर्छ ।

बन्द एवं सीमित ठाउँभित्र प्रवेश गर्नभन्दा पूर्व, स्वीकृत श्रमिकले नियोक्ता, ठेकेदार वा उनीहरूका प्राधिकृत व्यक्तिद्वारा जारी गरिएको कार्य अनुमतिपत्र (Work Permit) प्राप्त भएको पुष्टि गर्नु पर्छ । स्वीकृत श्रमिकहरू बाहेक अन्य कुनै व्यक्तिले बन्द एवं सीमित ठाउँमा प्रवेश गर्न पाउने छैन ।




जसमा काम गर्दा अतिरिक्त सतर्कता आवश्यक हुन्छ, त्यस्ता बन्द एवं सीमित ठाउँका प्रकारहरू के छन्?




भुइँमुनीका ढल-निकास (Sewage) संरचनाहरूभित्र, सरसफाइ वा मर्मत जस्ता कामलाई उच्च-जोखिमयुक्त मानिन्छन् । हानिकारक ग्यासमा श्वास फेर्नु पर्ने वा अक्सिजनको कमीवाला वातावरणमा काम गर्नु पर्ने हुनाले, यस्ता कार्यहरूमा संलग्न श्रमिकहरू बेहोश हुनु वा मृतसमेत हुनु सक्छन् ।

काम गर्नलाई, म्यानहोल वा भूमिगत ढल-निकास भित्र प्रवेश गर्नु पर्ने अवस्था आइ परेको खण्डमा के-के सावधानी अपनाउनु पर्छ?




म्यानहोल वा भूमिगत ढल-निकासभित्रको कार्यमा पाइपलाइन संरचना संलग्न छ । Factories and Industrial Undertakings (Confined Spaces) Regulation अर्थात् कारखाना र औद्योगिक व्यवसायहरू (बन्द एवं सीमित ठाउँहरू) बारे नियमावलीको धारा 9 बमोजिम, नियोक्ता र ठेकेदारहरूले यस्ता बन्द एवं सीमित ठाउँहरूमा प्रवेश गर्ने सबै व्यक्तिहरूलाई स्वीकृत श्वासप्रश्वास उपकरण र जीवनरेखा (लाइफलाइन) मा जडान गरिएको सुरक्षा कवच (हार्नेस) सहित प्रवेश सुनिश्चित गर्नुपर्छ ।